# सामुदायिक अगुवाहरुको यौन तथा प्रजनन स्वास्थ्य र जलवायु परिवर्तनका लागि स्व- परिचालन प्रक्रिया

## आत्मशक्ति बढाउने र पारिवारिक अभ्यास: व्यक्तिगत तह

सिमान्तकृत समुदायको आवाज सामुदायिक अगुवाहरूमा रहेको अन्तरनिहित क्षमता विकास गरी सफल र अनुशरण योग्य बनाउन प्रारम्भिक तालिम आवश्यक पर्दछ। तालिम पश्चात सिकाईलाई व्यवहारमा उतार्न सिकाईएको निरन्तरता र थप अभ्यासहरू गर्नु पर्दछ। यसले अगुवाहरूमा थप निखार आउने र आत्मविश्वासका साथ नतिजामूलक रुपान्तरणकारी क्रियाकलापहरुमा नेतृत्व लिन सक्ने बनाउँछ। सामुदायिक अगुवाहरुको स्वयम् परिचालित प्रयासले समुदायमा महिला र किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य र अधिकार, जलवायु परिवर्तनको असर र हानिकारक मूल्य मान्यता परिवर्तनका लागि आत्मशक्ति र क्षमता बढाउने अपेक्षा राखिएको छ।

- आफ्नो ज्ञान बढाउन आवश्यक सामाग्री अध्ययन गर्ने, सीपमूलक अभ्यास गर्ने र सीकाइलाई आफ्नो परिवेशमा प्रयोग गर्ने।
- आफ्नो सवल पक्ष र सुधार गर्नुपर्ने कुराहरु स्व: मनन् गर्ने, जसले अरुसँग संवाद गर्न सहयोग गर्छ।
- समुदायको विश्लेषण गरी आफ्नो सहयोगी समूह पहिचान गर्ने र वहाँहरुको आवश्यक सहयोग लिने।
- फरक विचार भएका व्यक्तिहरु पहिचान गरी सकारात्मक बनाउन रणनीति बनाउने।
- परिवारमा आफ्नो प्रजनन स्वास्थ्यको आवश्यकता र अधिकारहरुको अभ्यासका लागि आवश्यक गर्ने संवाद गर्न सुरु गर्ने।
- घर तथा साथीहरुमा पाइएको लैङ्गिक असमानता तथा सामाजिक गलत मूल्य मान्यता र अभ्यासहरू माथि प्रश्न गर्ने।
- महिलाको आफ्नो अधिकारको अभ्यास गर्न पुरुषलाई जिम्मेवार बनाउन प्रयास गर्ने।
- घर परिवारमा भएका साना साना परिवर्तनहरुबाट प्रेरणा लिन। यसले आफ्नो आत्मबल बढाउँछ।

## सामुदायिक सहजीकरण, सामाजिक अभ्यास तथा सम्बन्ध: समुदाय तह

- समुदायका सक्रिय संस्था / समूह / व्यक्ति र सञ्जालहरुको पहिचान गर्ने। यस्ता सक्रिय निकायहरुमा सहभागी भई प्रजनन स्वास्थ्य अधिकार, लैंगिक रुपान्तरण तथा जलवायु परिवर्तन र त्यसका असरका विषयमा छलफल गर्ने एवं सकारात्मक कार्यहरुको थालनी गर्ने।
- अनौपचारिक भेलाहरुमा महिला र किशोरीहरुको समस्याहरुको बारेमा कुराकानी गर्ने। जस्तै: पानी पँधेरा, विद्यालय जाँदा, खेतीपातीको काम गर्दा, हाट बजार जाँदा आदि। सामाजिक सञ्जाल मार्फत पनि चेतनामूलक तथा रुपान्तरणकारी क्रियाकलापहरु संचालन गर्ने।
- स्थानिय समुदायलाई यौन तथा प्रजनन स्वास्थ्य र सुरक्षित गर्भपतन अधिकार (सेवा प्रदायकको उपलब्धता र सेवाग्राहीको अधिकार) साथै सेवा लिने महिला प्रतिको हेयभाव तथा लान्छना लगायतका सामाजिक मूल्य र मान्यताहरु पहिचान गर्ने र सो लाई घटाउन समाजसेवीहरु (सामाजिक, सांस्कृतिक तथा धार्मिक अगुवा) सँग सहकार्य र आवश्यक पहल गर्ने।
- यौन तथा प्रजनन स्वास्थ्य र अधिकार र सुरक्षित गर्भपतन सेवा सम्बन्धी सूचना प्राप्त गर्ने महिला तथा किशोरीहरुको अधिकार सुनिश्चित गर्ने। वहाँहरुलाई आफ्नो अधिकारको लागि सशक्त बनाउदै सेवा पाईने संस्थामा जाने वातावरण बनाउने। वहाँहरुको व्यक्तिगत क्षमता विकासमा पुरूषहरुको भूमिका महत्वपुर्ण भएकोले पुरूषहरुको सहभागिता बढाउने कार्यहरु गर्ने।

- वडा / टोल / पालिकामा संचालन हुने समुदाय स्तरका कार्यक्रमहरुमा सहजीकरण गर्ने। सिमान्तकृत समुदायमा सशक्तिकरणका लागि बैठक तथा अन्तरक्रियाहरु संचालन गर्ने। समुदायस्तरका कार्यहरुलाई प्रभावकारी बनाउन ५ साथी, पुरूष तथा अभियन्ताहरुको सहयोग लिने।

## संस्थागत पहल (वडा, पालिका र अन्य संस्था) तथा सम्बन्ध: पैरवी / वकालत र अभियान

- टोल / वडा / पालिका / जिल्ला तहका संजालहरुमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार र सुरक्षित गर्भपतन सेवाको प्रवाहमा सेवा प्रदायकको दायित्व र सेवाग्राहीको अधिकारको सवाल उठान गर्ने। सेवाको माग र पहुँचका लागि सेवा प्रदायक व्यक्ति र निकायलाई (जस्तै: स्थानीय पालिका, वडा तथा स्वास्थ्य संस्था आदि) जिम्मेवार बनाउन कार्यहरु गर्ने।
- सेवा प्रवाहमा देखिएका समस्याहरु (उपलब्धता , पहुँच, स्वीकार्यता र गुणस्तर) पहिचान गर्ने र समाधानका लागि पैरवी गर्ने। सेवा नियमित नभएमा नियमितताका लागि पहल गर्ने।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने र सुरक्षित गर्भपतन, लैङ्गिक रुपान्तरण तथा जलवायु परिवर्तन र न्यायका क्षेत्रमा योजना छनौट र प्राथमिकीकरणमा जोड दिने।
- समाजमा भएका सत्य तथ्य घटना र सवालहरुलाई संकलन गरी सिमान्तकृत वर्गको आवाजको रुपमा प्रस्तुत गर्ने। यौन तथा प्रजनन स्वास्थ्य र सुरक्षित गर्भपतन सेवालाई विकासको मुल प्रवाहमा ल्याउन वडा, टोल तथा पालिकहरुमा पैरवी / वकालतका लागि सहयोगी साथी र अभियन्ताहरुसँग सहकार्य गर्ने।
- सामुदायिक अगुवा र अभियन्ताहरुले स्थानीय तहका आधिकारिक प्रतिनिधिहरु जस्तै: वडा अध्यक्ष, महिला / दलित महिला सदस्य, पालिकाका उपाध्यक्ष / उपमेयर, अध्यक्ष / मेयरहरुसँग संवादको माध्यमबाट यौन तथा प्रजनन स्वास्थ्य र सुरक्षित गर्भपतन सेवाका लागि समुदायमा सचेतना, सेवाको उपलब्धता, गुणस्तरीयता, किशोर किशोरी सचेतना, हेयभाव लान्छना न्यूनीकरण आदिका लागि बजेट विनियोजन र बजेटको उचित प्रयोगमा नियमित आवाज उठाउने तथा आवश्यक सहजीकरण गर्ने।
- आफ्नो वडा तथा पालिका स्तरका विभिन्न दिवस, अभियान र जागरण कार्यक्रमहरुमा नेतृत्व गर्ने र महिला तथा किशोरीहरुको अधिकारको आवाज उठाउने। जस्तै: सुरक्षित गर्भपतन दिवस, महिला हिंसा विरुद्ध १६ दिने अभियान, स्तनपान दिवस, परिवार नियोजन दिवस, अन्तराष्ट्रिय महिला दिवस, आदि।
- वडा स्तरीय यौन तथा प्रजनन स्वास्थ्य र अधिकार समन्वय समितिमा सक्रिय सहभागी हुने र वडा तथा बस्तीहरुमा एकीकृत कार्यहरु गर्न स्थानिय महिला जनप्रतिनिधिहरुसँग सहकार्य गर्ने।

## सामुदायिक अगुवाहरुको नेतृत्वमा सम्पन्न क्रियाकलापहरुको संक्षिप्त प्रतिवेदन ढाँचा

| कुन विषयमा कार्यक्रम चलेको थियो? | मिति | कस्ता सहभागीहरु उपस्थित भए? (जस्तै: जनप्रतिनिधि, स्थानिय महिला, किशोरी, पुरूष, आदि) | उपस्थित सहभागीहरु | | | सहभागीहरुको उमेर | | यस कार्यक्रममा के के प्रमुख निर्णय, उपलब्धि वा सहमति भयो? |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | अन्य | २० वर्ष मुनि | २० वर्ष माथि | |
| | | | | | | | | |
| | | | | | | | | |

Ipas NEPAL Partners for Reproductive Justice